**आकाशवाणी समाचार- नेपाली**

**मितिः २५ नवम्बर २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले देशको युवा पुस्ताले प्राचीन समुद्री व्यापारीहरूको साहस र सीपबाट धेरै कुरा सिक्न सक्ने बताउनु भएको छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी र जर्मन चान्सलर फ्रेडरिक मर्ज़ले भारत-जर्मनी रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्ने आफ्नो प्रतिबद्धता पुनः दोहोऱ्याएका छन्।

३. हिन्द महासागर रिम एसोसिएशनको वरिष्ठ अधिकारीहरुको 29 औ बैठक आजदेखि नयाँ दिल्लीमा हुनेछ|

४. गोवामा आयोजित ५७औँ अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा क्रिएटिव माइंड्स ऑफ टुमारो-सीएमओटीको छैटौँ संस्करण भव्य रूपमा सम्पन्न भयो।

५. भोपालमा हिजो राति भएको महिला एसियाली च्याम्पियन्स ट्रफीको लिग म्याचमा भारतीय महिला हक्की टोलीले चीनलाई ६-२ गोल अन्तरले पराजित गरेको छ।

**राष्ट्रपति - बाली जात्रा**

राष्ट्रपति द्रौपदी मुर्मुले देशको युवा पुस्ताले प्राचीन समुद्री व्यापारीहरूको साहस र सीपबाट धेरै कुरा सिक्न सक्ने बताउनु भएको छ। उहाँले वर्तमानलाई सुधार्न र उज्ज्वल भविष्य निर्माण गर्न विगतबाट प्रेरणा लिन सबैलाई आग्रह गर्नु भयो। राष्ट्रपतिले हिजो ओडिसाको कटकमा आयोजित 'बाली जात्रा' महोत्सवमा सम्बोधन गर्नु हुँदै उक्त कुरा बताउनु भएको छ। उहाँले बाली जात्रालाई ओडिसाको गौरवशाली इतिहासको उत्सव मनाउने एक विशिष्ट पर्वको रूपमा वर्णन गर्नु भएको छ। श्रीमती मुर्मुले प्राचीन कालमा ओडिसाका व्यापारीहरू व्यापारका लागि टाढा-टाढाका देशहरूमा पुग्ने गरेको बताउनु हुँदै उहाँले भन्नु भयो, व्यापारको माध्यमबाट उनीहरूले देशका लागि महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरे| उनीहरूले नयाँ समुद्री मार्गहरू पत्ता लगाए र अन्तर्राष्ट्रिय सम्बन्धलाई सुदृढ बनाए। राष्ट्रपतिले ओडिसा र बालीबीचको ऐतिहासिक सम्बन्धलाई आधुनिक समयको व्यावसायिक र सांस्कृतिक सहकार्यमा परिणत गर्न सकिने सुझाव दिनु भयो। उहाँले यस वर्षको बाली जात्रामा इन्डोनेसियाका सांस्कृतिक समूहहरूको सहभागिताका साथै बालीमा 'ओडिसा महोत्सव' आयोजना गरिएकोमा खुसी व्यक्त गर्नु भयो। यस महोत्सवमा ओडिसाको नृत्य र सङ्गीत, ह्यान्डलुम, हस्तकला र परम्परागत परिकारहरू प्रदर्शन गरिन्छन्। राष्ट्रपतिले यस्ता सांस्कृतिक आदानप्रदानले भारत र इन्डोनेसियाबीचको ऐतिहासिक सम्बन्धलाई अझ बलियो बनाउने बताउनु भयो।
श्रीमती मुर्मुले अन्तर्राष्ट्रिय मञ्चमा भारतको स्थान) बढेको कुरामा जोड दिनु भयो। उहाँले विश्वका विभिन्न भागमा देखिएको अशान्ति र विश्व अर्थतन्त्रमा रहेको अस्थिरताका बाबजुद पनि भारतको अर्थतन्त्र सुदृढ रहेको बताउनु भयो।

**राष्ट्रपति - ओडिसा भ्रमण, दोस्रो दिन**

ओडिसा भ्रमणको दोस्रो दिन राष्ट्रपति द्रौपदी मुर्मू आज बिहान भुवनेश्वरस्थित डा. अभिन चन्द्र होमियोप्याथिक मेडिकल कलेज एण्ड हस्पिटलमा आयोजना हुन लागेको होमियोप्याथीसम्बन्धी राष्ट्रिय वैज्ञानिक सम्मेलनमा सहभागी हुनुहुनेछ।

**प्रधानमन्त्री र जर्मन चान्सलर**

प्रधानमन्त्री नरेन्द्र मोदी र जर्मन चान्सलर फ्रेडरिक मर्ज़ले भारत-जर्मनी रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्ने आफ्नो प्रतिबद्धता पुनः दोहोऱ्याएका छन्। रक्षा, उन्नत प्रविधि, व्यापार र लगानीका क्षेत्रमा सहकार्य बढाउन विशेष जोड दिइएको छ। टेलिफोन वार्ताका क्रममा दुवै नेताले द्विपक्षीय सम्बन्धमा भएको प्रगतिको समीक्षा गरे र दुई देशबीच निरन्तर बढिरहेको सहकार्यप्रति सन्तुष्टि व्यक्त गरे। यस वर्ष भारत र जर्मनीबीचको कूटनीतिक सम्बन्धको ७५औँ वार्षिकी परेकोले दुवै नेताले प्रमुख क्षेत्रहरूमा सहकार्यलाई अझ गहिरो बनाउने प्रतिबद्धता व्यक्त गरे।

**बाइट**

**हिन्द महासागर क्षेत्रीय सङ्घको बैठक**

हिन्द महासागर रिम एसोसिएशनको वरिष्ठ अधिकारीहरुको 29 औ बैठक आजदेखि नयाँ दिल्लीमा हुनेछ| यो बैठक बिहीबारसम्म चल्नेछ। यसपछि, शुक्रबार उक्त सङ्गठनको विदेश मन्त्रीहरूको २५औँ बैठक हुनेछ। मन्त्रिपरिषद् यस सङ्गठनको सर्वोच्च निर्णय गर्ने निकाय हो| यसमा सदस्य देशहरूका विदेश मन्त्रीहरू समावेश हुन्छन् जसले सङ्गठनलाई नीतिगत तथा रणनीतिक दिशा प्रदान गर्छन् र यसका नीति तथा योजनाहरूबारे निर्णय लिन्छन्| अर्कोतर्फ वरिष्ठ अधिकारीहरूको बैठकले मन्त्रीहरूले गरेका निर्णयहरूको कार्यान्वयन प्रगतिको समीक्षा गर्नुका साथै आपसी सहयोगसम्बन्धी प्रस्ताव र कार्यक्रमहरूबारे छलफल गर्छ। यी बैठकहरूको उद्देश्य सदस्य देशहरूबीचको सहकार्यलाई सुदृढ पार्नु र हिन्द महासागर क्षेत्रसँग सम्बन्धित साझा मुद्दाहरूमा मिलेर काम गर्नु हो।

**असममा प्रगति**

असमले अस्पतालमा हुने संक्रमण नियन्त्रणमा उल्लेखनीय प्रगति हासिल गरेको छ| यस्तो संक्रमणको दर जुलाईमा लगभग २१ प्रतिशत रहेकोमा अक्टोबरसम्म आइपुग्दा ८ प्रतिशतमा झरेको छ। असमका स्वास्थ्य तथा परिवार कल्याण मन्त्री अशोक सिंघलले हिजो गुवाहाटी मेडिकल कलेज एण्ड हस्पिटलमा आयोजित एक कार्यक्रममा यो जानकारी दिनुभएको हो। मन्त्री सिंघलले दिसम्बरको अन्त्यसम्ममा अस्पतालमा हुने संक्रमणको दरलाई अझ घटाएर ४ प्रतिशतमा पुऱ्याउने राज्यको लक्ष्य रहेको बताउनुभयो।

**आई एफ एफ आई- सीएमओटी फिनाले**

गोवामा आयोजित ५७औँ अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा क्रिएटिव माइंड्स ऑफ टुमारो-सीएमओटीको छैटौँ संस्करण भव्य रूपमा सम्पन्न भयो। सूचना तथा प्रसारण मन्त्रालयको यस प्रमुख पहल अन्तर्गत यस वर्ष १०० जना उदीयमान चलचित्र निर्माताहरूलाई ४८ घण्टे फिल्म निर्माण चुनौतीका लागि एकै ठाउँमा भेला गराइएको थियो। यस चुनौतीको विषयवस्तु आफ्ना जडहरूको सम्मान र भविष्यलाई अङ्गाल्नु रहेको थियो। हिजो सम्पन्न समापन समारोहलाई सम्बोधन गर्नु हुँदै सूचना अनि प्रसारण मन्त्रालयका अतिरिक्त सचिव प्रभातले यो पहल युवा प्रतिभा र फिल्म उद्योगबीच एक पुलको रूपमा काम गर्ने बताउनु भयो। ४८ घण्टे फिल्म निर्माण चुनौती सफलतापूर्वक पूरा गरेकोमा सहभागीहरूलाई बधाई दिनु हुँदै उहाँले एनिमेसन, भिजुअल इफेक्ट्स, गेमिङ, कमिक्स र एक्सटेन्डेड रियालिटी जस्ता तीव्र गतिमा विकास भइरहेका क्षेत्रहरूले युवा सिर्जनशील पेशेवरहरूका लागि ठूलो अवसर प्रदान गर्ने कुरामा जोड दिनु भयो।

कार्यक्रममा बोल्नु हुँदै महोत्सव निर्देशक आशुतोष गोवारीकरले फिल्म निर्माण एक सामूहिक प्रक्रिया भएको र यो कुनै एक व्यक्तिले एक्लै गर्न नसक्ने बताउनु भयो। उहाँले सबै सहभागीहरूलाई यस चुनौतीका क्रममा बनेका साथीहरूसँग सम्पर्कमा रहन र आफ्नो चलचित्र निर्माणको यात्रामा एकअर्कासँग सहकार्य गरिरहन प्रोत्साहित गर्नु भयो।

**भारत-नेपाल सीमामा सुन तस्करी**

पश्चिम बंगालस्थित भारत-नेपाल सीमामा सशस्त्र सीमा बलले सुन तस्करीको प्रयासलाई विफल पारेको छ। यस क्रममा सुनका दुईवटा डल्ला जफ्त गरिएको भने ४१ वर्षीय एक व्यक्तिलाई पक्राउ गरिएको छ। यो घटना पुरानो मेची पुल नजिक भएको हो। एसएसबीको ४१ औं बटालियनको टोलीले नेपालतर्फ जाँदै गरेका एक व्यक्तिलाई रोकेको थियो। तलासी गर्दा उनको साथबाट

सुनका दुईवटा डल्ला फेला परे। पक्राउ परेका व्यक्तिको पहिचान महाराष्ट्रको सांगली जिल्लाका बासिन्दाका रूपमा भएको छ। जफ्त गरिएका सुनका दुई डल्लाको जम्मा तौल २३८ ग्राम छ र यसको अनुमानित मूल्य लगभग २८ देखि ३० लाख रुपैयाँ रहेको छ।

**हक्की - महिला एसियाली च्याम्पियन्स ट्रफी**

भोपालमा हिजो राति भएको महिला एसियाली च्याम्पियन्स ट्रफीको लिग म्याचमा भारतीय महिला हक्की टोलीले चीनलाई ६-२ गोल अन्तरले पराजित गरेको छ। भारतका लागि दीपिकाले उत्कृष्ट ह्याट्रिक गरिन् भने लालरेमसियामी, नेहा र साक्षी रानाले एक-एक गोल थपिन्। चीनका लागि होङ योङयुन र चेन तोङले गोल गरे। यो प्रतियोगितामा भारतको लगातार चौथो जित हो। यसअघि भारतले मलेसियालाई ४-१, दक्षिण कोरियालाई २-१ र थाइल्याण्डलाई ७-० गोल अन्तरले हराएको थियो। हिजो भएका अन्य म्याचहरूमा जापानले मलेसियालाई ३-१ ले र दक्षिण कोरियाले थाइल्याण्डलाई १-० ले पराजित गरे। हाल भारत र जापान दुवै १२-१२ अंकका साथ तालिकाको शीर्ष स्थानमा छन्। सेमिफाइनलमा आफ्नो स्थान सुरक्षित गरिसकेको भारतीय टोलीले अब आज जापानविरुद्ध हुने अन्तिम लिग म्याचमा ध्यान केन्द्रित गर्नेछ। यो म्याच साँझ ७:०० बजे सुरु हुने तालिका छ।